रुरुक्षेत्र गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ११ संख्या:१ मिति :२०८३/०४/०७ (अतिरिक्तांक)

भाग-१

रुरुक्षेत्र गाउँपालिका

गुल्मी, लुम्बिनी प्रदेश

## रुरुक्षेत्र गाउँपालिकाको आर्थिक ऐन, २०८३

सम्बत २०८३ को ऐन नं. १ गाउँसभाबाट पारित मिति : २०८३/०३/१२

# रुरुक्षेत्र गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८३

**प्रस्तावना :** रुरुक्षेत्र गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रुरुक्षेत्र गाउँसभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यो ऐनको नाम "आर्थिक ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन गाँउसभाबाट पारित भए पश्चात् २०८३ श्रावण १ गतेदेखि रुरुक्षेत्र गाउँपालिकाभर लागू हुनेछ ।

**२.भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**३.व्यवसाय कर :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची-२ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

४.**सेवा शुल्क, दस्तुर :** गाउँपालिकाले उपलब्ध गराउने सेवामा अनुसूची-३ बमोजिम सेवाग्राहीबाट सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

**५.विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-४ बमोजिमको विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

**६.वनपैदावर वन्यजन्तु जडीबुटी, कवाडी र जीवजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, जडीबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेवापत त्यस्तो कारोबारको १० प्रतिशत रकम कर लगाइने र असूल उपर गरिनेछ ।

**७.काठ, दाउरा बिक्री कर :** गाउँपालिका क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समितिले सामुदायिक वनबाट बिक्री गर्ने काठ, दाउरा, घाँसमा बिक्रीमुल्यको १० प्रतिशत रकम कर लगाइने र असूल उपर गरिनेछ ।

**८.कवाडी कर :** गाउँपालिका क्षेत्रभित्र कवाडी मालवस्तु व्यवसायिक रुपमा संकलन गरी बिक्रीवितरण गर्ने कार्यमा टेण्डर मार्फत कर लगाइने र असूल उपर गरिनेछ ।

**९.दाउरा व्यवस्थापन :** कालीगण्डकी नदी (गाउँपालिका क्षेत्रमा) दाहसंस्कार वा अन्य कार्य गर्नको लागि दाउराको व्यवसायिक बेचबिखन गर्नको लागि टेण्डर मार्फत कर लगाइने र असूल उपर गरिनेछ ।

**१०.बहाल कर :** गाउँपालिका क्षेत्रभित्रकुनै व्यक्ति वा संस्थाको घर, जग्गा, सवारी साधन भाडामा दिई व्यापार, व्यवसाय वा अन्य कार्यालय संचालन गरेकोमा १० प्रतिशत बहाल कर लगाइने र असूल उपर गरिनेछ ।

**११.घर जग्गाबहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, पोखरी पूरै वा आंशिक बहालमा दिएकोमा घर जग्गाबहाल कर लगाइने र असूल उपर गरिनेछ ।

**१२.सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

१३.**मनोरञ्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा मनोरञ्जन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

**१४.बहाल बिटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार पसलमा बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१५.नदीजन्य पदार्थको उत्खनन्, संकलन, भण्डारण र बिक्री वितरण :** गाउँपालिका क्षेत्रभित्र रहेका नदी, खोलामा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर, बहत्तर) उत्खनन्, संकलन, भण्डारण र बिक्री वितरण वापत रोयल्टी प्रतिस्पर्धात्मक ठेक्काबाट अनुसूची-५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ । गाउँपालिका क्षेत्रभित्र रहेका नदी, खोलामा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर, बहत्तर) को अवैध उत्खनन्, चोरी, निकासी गरेको पाइएमा अनुसूची-६ बमोजिमको दण्ड जरिवाना दर लगाइने र असूल उपर गरिनेछ ।

**१६.कर छुट :** यस विधेयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनै पनि किसिमको कर छुट दिइने छैन । तर अनुसूची ९ मा व्यवस्था भएको हकमा सोहि बमोजिम हुनेछ ।

**१७.कर तथा शुल्क संकलन कार्यविधि :** यस विधेयकमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि रुरुक्षेत्र गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**१८.नियम वा कार्यविधि बनाउन सक्ने :** रुरुक्षेत्र गाउँपालिका गाउँकार्यपालिकाले यस ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

**१९.जरिवाना सम्बन्धमा** :.दहत्तर बहत्तर सम्बन्धी राजस्व संकलन गर्ने क्रममा गैर कानूनी रुपमा व्यक्ति वा निर्माण व्यवसायीहरुले उत्खनन तथा ओसारपसार गर्दा सुरक्षा निकायबाट जफत भएमा सो जरिवाना रकमको २५% रकम सुरक्षा निकायलाई भुक्तानी दिने ।

**अनुसूची- १**
**भूमि कर (मालपोत)**

| क.सं. | जग्गाको क्षेत्रफल (रोपनीमा) | कर, दस्तुर (रकम रु.मा) |
|---|---|---|
| १. | ५ रोपनी सम्म | १५ |
| २. | ५ रोपनी देखि १० रोपनी सम्म | थप २० |
| ३. | १० रोपनी माथी | प्रति रोपनी रु.५ थप |

## भूमि कर (मालपोत) मा विलम्ब शुल्क :

१। पहिलो वर्ष १० प्रतिशतको दरले विलम्ब शुल्क लाग्नेछ र त्यसपछिका हरेक वर्ष १० प्रतिशतका दरले थपिदै जानेछ |

२। भू-उपयोग वर्गीकरण पूर्ण रुपमा कार्यान्वयन भए पश्चात लागू हुने गरी भूमी कर निर्धारण गरिनेछ |

## अनुसूची - २
## व्यवसाय कर

| क्र.सं. | विवरण | एकाई | दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|---|---|
| १ | दैनिक उपभोगका खाद्य पदार्थ तथा किराना खुद्रा पसल | प्रतिपसल | ७५० | ५०० |
| २ | जनरल स्टोर्स, सपिङ्ग सेन्टर | ,, | ३००० | २००० |
| ३ | थोक किराना तथा गल्ला पसल | ,, | ४५०० | ३००० |
| ४ | लुगा सिलाउने पसल | ,, | ७५० | ५०० |
| ५ | कपडा पसल सहित लुगा सिलाउने पसल | ,, | ३००० | २००० |
| ६ | कपाल काट्ने सैलुन | ,, | १५०० | १००० |
| ७ | पान पसल | ,, | ७५० | ५०० |
| ८ | फोटो स्टुडियो | ,, | १५०० | १००० |
| ९ | माटोको भाँडा पसल | ,, | ७५० | ५०० |
| १० | भाँडा पसल फलाम, तामा, स्टील, आदि धातुका भाँडा बेच्ने) थोक विक्रेता | ,, | ४५०० | ३००० |
| ११ | भाँडा पसल (फलाम,तामा,स्टील, आदि धातुका भाँडा बेच्ने) | ,, | २२५० | १५०० |
| १२ | डेकोर सेन्टर/फर्निसिङ | ,, | २२५० | १५०० |
| १३ | मेशिनको पार्ट पूर्जा बेच्ने पसल/वर्क्ससप | ,, | ४५०० | ३००० |
| १४ | हार्डवेयर पसल | ,, | ४५०० | ३००० |
| १५ | मूर्ति /उपहार पसल | ,, | ७५० | ५०० |
| १६ | बिजुलीको सामान बेच्ने पसल | ,, | २२५० | १५०० |
| १७ | घडी, रेडियो मर्मत तथा बिक्री पसल | ,, | ७५० | ५०० |
| १८ | मोबाईल मर्मत पसल | | ३००० | २००० |
| १९ | इलेक्ट्रोनिक्स सामानको मर्मत गर्ने पसल (टेलिभिजन मात्र) | ,, | २२५० | १५०० |
| २० | इलेक्ट्रोनिक्स सामानको बिक्रि गर्ने पसल | ,, | ३००० | २००० |
| २१ | इलेक्ट्रोनिक्स सामानको बिक्रि तथा मर्मत गर्ने पसल | ,, | ४५०० | ३००० |
| २२ | चार पाङ्ग्रे सवारी साधनको बिक्री तथा | ,, | १५००० | १०००० |

| | | | | |
|---|---|---|---|---|
| | मर्मत | | | |
| २३ | मोटरसाइकल तथा अटो रिक्सा बिक्री तथा मर्मत | ,, | ७५०० | ५००० |
| २४ | साइकल बिक्री तथा मर्मत | ,, | १५०० | १००० |
| २५ | गर गहना बनाउने र बेच्ने पसल | ,, | ४५०० | ३००० |
| २६ | स्टेशनरी /पुस्तक पसल | ,, | १५०० | १००० |
| २७ | पेट्रोल पम्प | ,, | ७५०० | ५००० |
| २८ | ग्याँस विक्रेता | ,, | ४५०० | ३००० |
| २९ | आइसक्रिम बेच्ने पसल | ,, | ७५० | ५०० |
| ३० | फलफूल/तरकारी पसल | ,, | ७५० | ५०० |
| ३१ | मिठाई बेच्ने पसल | ,, | १५०० | १००० |
| ३२ | माछा पसल | ,, | १५०० | १००० |
| ३३ | फ्रेस हाउस (कुखुरा मात्र) | ,, | २२५० | १५०० |
| ३४ | मासु पसल (खसी,बोका पाडा तथा कुखुरा) | ,, | ३००० | २००० |
| ३५ | इजाजत प्राप्त मदिरा पसल (थोक) | ,, | ११२५० | ७५०० |
| ३६ | इजाजत प्राप्त मदिरा पसल (खुद्रा) | ,, | ७५०० | ५००० |
| ३७ | कविराज/ चिकित्सा सेवा | ,, | ७५० | ५०० |
| ३८ | स्वास्थ्य परीक्षण ल्याब | ,, | ३००० | २००० |
| ३९ | डेन्टल | ,, | ३००० | २००० |
| ४० | औषधी पसल / मेडिकल हल | ,, | ३००० | २००० |
| ४१ | अस्पताल | ,, | ४५०० | ३००० |
| ४२ | विशेषज्ञ सहितको मेडिकल सेवा | ,, | ४५०० | ३००० |
| ४३ | चियानास्तापसल | ,, | ७५० | ५०० |
| ४४ | रेष्टुरेन्ट एण्ड बार | ,, | ३००० | २००० |
| ४५ | साधारण होटेल | ,, | २२५० | १५०० |
| ४६ | गेष्ट हाउस, लज | ,, | ३७५० | २५०० |
| ४७ | पार्टी प्यालेस | ,, | ४५०० | ३००० |
| ४८ | होस्टेल | ,, | १५०० | १००० |
| ४९ | टेन्ट/क्याटेरिङ्ग | ,, | ३००० | २००० |
| ५० | दूध डेरी | प्रतिपसल | १५०० | १००० |
| ५२ | छापाखाना | ,, | १५०० | १००० |
| ५३ | गिफ्ट शप | ,, | ७५० | ५०० |

| | | | | |
|---|---|---|---|---|
| ५४ | जुत्तापसल | प्रतिपसल | १५०० | १००० |
| ५५ | कस्मेटिक समान बेच्ने पसल | ,, | १५०० | १००० |
| ५६ | ब्यूटी पार्लर | प्रतिपसल | २२५० | १५०० |
| ५७ | कपडा पसल | ,, | २२५० | १५०० |
| ५८ | फेन्सी पसल (१ लाख पूजीँ भएको) | ,, | १५०० | १००० |
| ५९ | फेन्सी पसल (थान कपडा सहित) | ,, | ३००० | २००० |
| ६० | गोदाममा सामान राखी बेच्ने (घुम्ती व्यापारी) (वार्षिक) | ,, | ४५०० | ३००० |
| | गोदाममा सामान राखी बेच्ने (घुम्ती व्यापारी) (मासिक) | ,, | १५०० | १००० |
| | गाडीमा सामान राखी विकी वितरण गर्ने ( जिल्ला दर्ता भएका) | | ४५०० | ३००० |
| | गाडीमा सामान राखी विकी वितरण गर्ने ( अन्य जिल्ला दर्ता भएका) | | १२००० | ८००० |
| | घुम्ति व्यापारी (प्रति महिना)<br>१.साना<br>२.मझौला | <br>प्रतिपसल<br>प्रतिपसल | <br>५००<br>१००० | |
| ६१ | केवुल नेटवर्किङ्ग (इन्टरनेट सहित) | ,, | | |
| | क) १५० सम्म ग्राहकभएका<br>ख) १५० भन्दा माथी ग्राहक भएका | ,, | ४५०० | ३००० |
| ६२ | केवुल नेटवर्किङ्ग (टेलीभिजन मात्र) | ,, | ७५०० | ५००० |
| | क) १५० सम्म ग्राहक भएका<br>ख) १५० भन्दा माथी ग्राहक भएका | ,, | ३०००<br>६००० | २०००<br>४००० |
| ६३ | केवुल नेटवर्किङ्ग (इन्टरनेट मात्र ) | ,, | | |
| | क) १५० सम्म ग्राहकभएका<br>ख) १५० भन्दा माथी ग्राहक भएका | ,, | ३०००<br>६००० | २०००<br>४००० |
| ६४ | बैङ्क | | | |
| | क वर्ग | ,, | ११२५० | ७५०० |
| | ख वर्ग | ,, | ७५०० | ५००० |
| | ग वर्ग | ,, | ६००० | ४००० |
| | घ वर्ग | ,, | ४५०० | ३००० |
| ६५ | सहकारी संस्था (कृषि तथा बहुउद्देश्यीय, बचत तथा ऋण ) | ,, | ७५० | ५०० |

| | | | | |
|---|---|---|---|---|
| ६६ | मनिचेन्जर/रेमिट्यान्स | प्रतिकेन्द्र | ३००० | २००० |
| ६७ | एफ.एम. रेडियो | ,, | ४५०० | ३००० |
| ६८ | विमा एजेन्ट | ,, | १५०० | १००० |
| ६९ | कोचिङ सेन्टर | ,, | ३००० | २००० |
| ७० | कम्प्युटर इन्स्टीच्यूट (प्रशिक्षण दिने) | ,, | ३००० | २००० |
| ७१ | व्यवसायिक तालिम /सिलाइ कटाई तालिम (संस्था) | ,, | १५०० | १००० |
| ७२ | फोटोकपी पसल | ,, | ७५० | ५०० |
| ७३ | सिसा /प्लाइउड पसल | ,, | ३००० | २००० |
| ७४ | साइनवोर्ड /पेन्टिङ्ग पसल | ,, | १५०० | १००० |
| ७५ | सोलार / सौर्य उर्जा बेच्ने पसल | ,, | ३००० | २००० |
| ७६ | कुरियर सेवा | ,, | ७५० | ५०० |
| ७७ | टयाङ्कर व्यवसाय | ,, | ३००० | २००० |
| ७८ | घरेलु तथा कृषिउद्योग , पशु, कृषि, घरेलु पोल्ट्री फर्म, गाई फर्म र टोल विकास संस्था | ,, | ७५० | ५०० |
| ७९ | एग्रोभेट / बिउ-विजनबिक्री गर्ने पसल | ,, | ७५० | ५०० |
| ८० | उद्योग वाणिज्य संघ,व्यापार संघ,होटल व्यवसायी संघ,गैर सरकारी संस्थाल गायतका संघ संस्था | ,, | ७५० | ५०० |
| ८१ | नदीमा माछा छोपी व्यवसाय गर्ने अनुमति प्राप्त व्यवसायी | ,, | ३००० | २००० |
| ८२ | तीन पाङग्रे अटो रिक्सा | ,, | ७५० | ५०० |
| ८३ | होम स्टे | प्रतिपसल | निशुल्क | १५०० |
| ८४ | कवाडी /स्क्राब पसल | प्रतिपसल | ३७५० | २५०० |
| ८५ | ड्राइक्लिन सेवा | ,, | १५०० | १००० |
| ८६ | कृषि उपज संकलन | ,, | ७५० | ५०० |
| ८७ | रिकन्डिसन पसल (पुराना सवारी साधन बेच्ने ) | ,, | ३००० | २००० |
| ८८ | चटपटे पसल | ,, | ७५० | ५०० |
| ८९ | पूजा सामाग्री बिक्री गर्ने पसल | ,, | १५०० | १००० |
| ९० | ज्योतिष परामर्श सेवा | ,, | १५०० | १००० |

| | | | | |
|---|---|---|---|---|
| ९१ | भिडियो ग्राफी सेवा | ,, | २२५० | १५०० |
| ९२ | फ्ल्याक्स प्रिन्ट /कलर ल्याब | ,, | २२५० | १५०० |
| ९३ | इन्जीनियरिङ्ग कन्सल्टेन्सी | ,, | १५०० | १००० |
| ९४ | पेन्ट पसल | ,, | ३००० | २००० |
| ९५ | टायल्स,मार्वल तथा सेनेटरी | ,, | ४५०० | ३००० |
| ९६ | स्टिकर हाउस | ,, | १५०० | १००० |
| ९७ | चल्ला बेच्ने पसल | ,, | १५०० | १००० |
| ९८ | दाना बेच्ने पसल खुद्रा | ,, | ३००० | २००० |
| ९९ | दाना बेच्ने पसल थोक | ,, | ३००० | २००० |
| १०० | दाना तथा चल्ला दुवै बेच्ने पसल | प्रति पसल | ४५०० | ३००० |
| १०१ | ड्राइभिङ इन्सिच्यूट | ,, | २००० | १५०० |
| १०२ | अडिट फर्म/ल फर्म/ कन्सलटेन्सी/परामर्श सेवा | ,, | ३००० | २००० |
| १०३ | 'घ' वर्गको निर्माण व्यवसायी | प्रतिफर्म | ४५००० | २०००० |
| १०४ | खानेपानी मूलदर्ता तथा सरसफाई समिति | प्रति समिति | ७५० | ५०० |
| १०५ | सामुदायिक वन दर्ता | प्रति समिति | १००० | ६०० |
| १०६ | सूर्तिजन्य पदार्थको थोक | प्रति पसल | ४५०० | ३००० |
| १०७ | सूर्तिजन्य पदार्थको खुद्रा | प्रति पसल | ३००० | २००० |
| १०८ | चश्मापसल | ,, | १५०० | १००० |
| १०९ | चश्मा पसल (विशेषज्ञ सेवा सहित) | ,, | ३००० | २००० |
| ११० | फलफूल, घाँस तथा नर्सरी सेवा | ,, | ७५० | ५०० |
| ११० | बिमा कम्पनी | प्रति शाखा | ४००० | ३००० |
| १११ | स्केट पार्क | प्रति पार्क | ६००० | ४००० |
| ११२ | फर्म सुचिकृत | प्रति फर्म | २०० | |
| ११३ | विज्ञापन दस्तुर<br>१.सहयोगी<br>२.सहायक<br>३.अधिकृत स्तर | | <br>३००<br>५००<br>१००० | |
| ११४ | सभाहल भाडा (दैनिक) | | १५०० | |
| ११५ | विशिष्टिकृत विद्युतीय सामाग्री | | ४५०० | ३००० |
| ११६ | घर अभिलेखिकरण | | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| | (कच्ची घर ) | | | |
| ११७ | चाजिङ्ग स्टेशन | | ५००० | ३२०० |

**उद्योग व्यवसाय**

| सि.नं. | विवरण | दर्ता शुल्क | नविकरण |
|---|---|---|---|
| १ | इटा टायल उद्योग | ४५०० | ३००० |
| २ | होजियरी उद्योग | १५०० | १००० |
| ३ | कुटानी, पिसानी, पेलानी मिल आदी | १५०० | १००० |
| ४ | कुटानी, पिसानी, मिल आदी | ७५० | ५०० |
| ५ | आल्मूनियम उद्योग,ग्रील उद्योग | ४५०० | ३००० |
| ६ | स्टिल फर्निचर उद्योग एवं विक्रेता | ४५०० | ३००० |
| ७ | फर्निचर तथा काष्ठ उद्योग | ४५०० | ३००० |
| ८ | सिरक डसेना उद्योग | ४५०० | ३००० |
| ९ | जुस/अचार उद्योग | १२,००० | ८००० |
| १० | बेकरी उद्योग | ३००० | २००० |
| ११ | क्रसर उद्योग | ३०,००० | २०,००० |
| १२ | आरन उद्योग | ७५० | ५०० |
| १३ | चाउमिन उद्योग | ३००० | २००० |
| १४ | जलविद्युत उद्योग -प्रतिउद्योग) | ३०,००० | २०,००० |
| १५ | सोलार मार्फत् विद्युत उत्पादन गर्ने उद्योग (प्रतिउद्योग) | १५,००० | १०,००० |
| १६ | मादलउद्योग | ७५० | ५०० |
| १७ | परालका चप्पल बनाउने उद्योग | ७५० | ५०० |
| १८. | हस्तकलाका सामग्री | ७५० | ५०० |
| १९. | बेकरी उधोग (पाउरोटी, समोसा) | १५०० | १००० |

# डोजर सूचिकृत

| सि.नं. | विवरण | सूचीकृत दस्तुर रु. |
|---|---|---|
| १. | १०० हर्ष पावर भन्दा तल | १०००० |
| २. | १०० हर्ष पावर भन्दा माथी | २०००० |

**अनुसूची - ३**

**सेवा शुल्क, दस्तुर**

| क्र.सं. | विवरण | दस्तुर रु. |
|---|---|---|
| १ | नक्कल उतार प्रतिलिपी प्रतिपाना | ५० |
| २ | नागरिकता सिफारिस दस्तुर | १०० |
| ३ | नागरिकता प्रतिलिपी सिफारिस दस्तुर | १०० |
| ४ | अंगिकृत नागरिकता सिफारिस दस्तुर | ३०० |
| ५ | नाता प्रमाणित नेपाली | १०० |
| ६ | अन्य प्रमाणित दस्तुर | १०० |
| ७ | घर बाटो सिफारिस | २५० |
| ८ | सर्जमिन मुचुल्का | २०० |
| ९ | चारकिल्ला प्रमाणित प्रति सिफारिस | २०० |
| १० | अंग्रेजी भाषामा गरिने सिफारिस | २०० |
| ११ | अग्रेजी भाषामा गरिने प्रमाणित | ५०० |
| १२ | आम्दानी प्रमाणित र धितो मुल्याङ्कन | ३०० |
| १३ | क) ५ लाख सम्म | ५०० |
| | ख) १० लाख सम्म | १००० |
| | ग) १० लाख भन्दा माथी प्रतिलाखमा | १०० थप |
| १४ | घर पसल बन्द कोठा खुलाउने मुचुल्का | ५०० |
| १५ | मुद्धा मामिला दर्ता | १०० |
| १६ | व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र | निशुल्क |
| १७ | व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क | २०० |
| १८ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुर | ५०० |
| १९ | व्यक्तिगत घटना तथा नागरिक अभिलेखदर्ता किताब हेरेको दस्तुर | २०० |
| २० | प्राविधिक शिक्षालय खोल्ने सिफारिस | ३००० |
| २१ | जग्गादर्ता सिफारिस ५ रोपनी सम्म | ५०० |
| २२ | जग्गादर्ता सिफारिस ५ रोपनीमाथी | १००० |
| २३ | विद्युत् जोड्ने सिफारिस | १०० |
| २४ | धारा जोड्ने सिफारिस | १०० |
| २५ | रेखाङ्कन लगायतका अन्य कार्यको सर्जमिन प्रति सर्जमिन | ५०० |
| २६ | व्यवसाय नामसारी | ५०० |
| २७ | व्यवसाय संचालनमा नभएको व्यहोराको सिफारिस | १०० |

| | | |
|---|---|---|
| २८ | साधारण सिफारिस | १०० |
| २९ | अन्य प्रतिलिपी सिफारिस | २०० |
| ३० | कु-काठ कटानी सिफारिस २० वोट सम्म | ३००० |
| ३१ | क) सो भन्दा माथी प्रतिवोट | २०० |
| ३२ | वैदेशिक पेन्सन सिफारिस | २०० |
| ३३ | व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी दस्तुर | १०० |
| ३४ | 'घ' वर्गको निर्माण व्यवसायको इजाजतपत्रको प्रतिलिपी दस्तुर | १००० |
| ३५ | सहकारी संस्थाको आबद्धता शुल्क | ५०० |
| ३६ | तमसुक दर्ता : (क) ५ लाख सम्म<br>(ख) ५ लाख भन्दामाथि | ५००<br>१००० |
| ३७ | निर्माण व्यवसायी सूची दर्ता (गा.पा. मा दर्ता भएका बाहेक) | १००० |
| ३८ | अन्य कागजपत्र प्रमाणित दस्तुर (गाउँपालिका) | २०० |
| ३९ | पानी टयाङ्कर भाडा (प्रति दिन) | १००० |
| ४० | निजी जग्गाको नापजाँच दस्तुर प्रति पटक | ५०० |
| ४१ | गाउँपालिकाको बहुउद्देश्यीय सभाहल भाडा प्रति दिन | १५०० |
| ४२ | ट्रयाक्टर, ट्रयाक्टर सहित ट्यांकर सेवा र ब्याकुलोडर भाडा | जिल्ला दररेट बमोजिम |

**संस्थागत विद्यालय नविकरण सम्बन्धी**

| **क्र.सं.** | **संस्थागत विद्यालय कक्षा संचालन** | **दस्तुर** |
|---|---|---|
| १. | ५ कक्षा सम्म संचालन | ३,००० |
| २. | ८ कक्षा सम्म संचालन | ५,००० |
| ३. | १० कक्षा सम्म संचालन | ७,००० |
| ४. | १२ कक्षा सम्म संचालन | १०,००० |

**विद्यालय खोल्ने र कक्षा थप सम्वन्धी अनुमती**

| **क्र.सं.** | **विवरण** | **दस्तुर रु.** |
|---|---|---|
| १ | आधारभूत तह | २००० |
| २ | मा.वि. | ३००० |

## घरकर

| क्र.सं. | विवरण | कर रु. |
|---|---|---|
| १ | टिनको छानो | ३० |
| २ | पक्की ढलान आर.सि.सि.१ तले | १०० |
| ३ | पक्की ढलान आर.सि.सि.२ तले | १५० |
| ४ | पक्की ढलान आर.सि.सि.३ तले | २०० |
| ५ | पक्की ढलान आर.सि.सि.४ तले | २५० |
| ६ | पक्की ढलान आर.सि.सि.४ तला माथी प्रति तला | १०० |

## घर नक्सापास तर्फ

| क्र.सं. | विवरण | कर रु.मा |
|---|---|---|
| | **नक्सा पास पुस्तिका, अनुगमन तथा अनुमती दस्तुर** | |
| १ | नक्सापास पुस्तिका मूल्य | ५०० |
| २ | घ वर्गको कच्ची घर निर्माण अनुमती | १००० |
| ३ | अन्य वर्गका घर अनुगमन मूल्याङ्कन शुल्क | ३०० |
| ४ | घर निर्माण सम्पन्न प्रमाणपत्र दस्तुर | १००० |
| | **नक्सा पास धरौटी दस्तुर** | |
| १ | १००० वर्ग फिट सम्म | २००० |
| २ | १००० वर्ग फिट माथी | ४००० |
| ३ | अनुमती बिना निर्माण गरेका १००० वर्गफिट भन्दा थोरै | २००० |
| ४ | अनुमती बिना निर्माण गरेका १००० वर्गफिट भन्दा धेरै | २५०० |

## नक्सा नियमित तथा अभिलेख दस्तुर

| क.स. | वर्ग फिट | भुई तला | पहिलो तला | दोस्रो तला | तेस्रो तला | सो भन्दा माथी |
|---|---|---|---|---|---|---|
| १ | १००० वर्ग फिट सम्म प्रति वर्ग फिट | १। | २। | ३। | ४। | ५। |
| २ | १००० वर्ग फिट माथी प्रति वर्ग फिट | २। | ३। | ४। | ५। | ६। |

**नक्सा पास सजाय दस्तुर**

| क.स. | वर्ग फिट | भुई तला | पहिलो तला | दोस्रो तला | तेस्रो तला | सो भन्दा माथी |
|---|---|---|---|---|---|---|
| १ | १००० वर्ग फिट सम्म प्रति वर्ग फिट | ३। | ५। | ७। | ९। | ११। |
| २ | १००० वर्ग फिट माथी प्रति वर्ग फिट | ५। | ७। | ९। | १०। | १२। |

**नक्सा पास दस्तुर**

| क.स. | वर्ग फिट | भुई तला | पहिलो तला | दोस्रो तला | तेस्रो तला | सो भन्दा माथी |
|---|---|---|---|---|---|---|
| १ | १००० वर्ग फिट सम्म प्रति वर्ग फिट | २। | ३। | ४। | ५। | ६। |
| २ | १००० वर्ग फिट माथी प्रति वर्ग फिट | ३। | ४। | ५। | ६। | ७। |

**अनुसूची - ४**

**विज्ञापन कर**

| **क्र.सं.** | **होडिङ्ग वोर्डको साईज** | **दस्तुर रु.** |
|---|---|---|
| १. | ४'x६' को साईज | १,००० |
| २. | सो भन्दा बढी साईज भएमा | २,००० |

## अनुसूची - ५
## ढुङ्गा, गिट्टी, बालुवातर्फ रोयल्टी कर

| क्र.सं. | विवरण | कर रकम रु. |
|---|---|---|
| १ | प्रति ट्रयाक्टर | ६१० |
| २ | प्रतिमिनि ट्रक | १४६० |
| ३. | प्रति टि्रपर/ट्रक | १८२० |

## अनुसूची-६

## नदीजन्य पदार्थ (गिट्टी, बालुवा, ढुङ्गा, आदि) को अवैध उत्खनन्, चोरी, निकासी वापत् दण्ड जरिवाना दर

| क्र.सं. | सवारीको विवरण | प्रथम पटक | दोस्रो पटक | तेस्रो पटक |
|---|---|---|---|---|
| १ | ट्रयाक्टर | रु.१५,०००/- | रु.२०,०००/- | रु.४०,०००/- |
| २ | मिनि ट्रक | रु.२०,०००/- | रु.३०,०००/- | रु.६०,०००/- |
| ३ | टि्रपर/ट्रक | रु.३०,०००/- | रु.४०,०००/- | रु.८०,०००/- |
| ४ | जे.सी.बी./एक्जाभेटर | रु.४०,०००/- | रु.५०,०००/- | रु.१,००,०००/- |

मथि उल्लेखित अवधि तेस्रो पटक भन्दा माथिको अवधिको लागि सवारी साधन सिज गरी कार्यपालिकाको निर्णय अनुसार गर्ने ।

**अनुसूची- ७**

प्रस्तावित आन्तरिक आम्दानी विवरण

आ.व. २०८३/०८४ का लागि अनुमानित कर, गैरकर र राजश्व रकम

| क्र.स. | राजस्व संकेत न. | राजस्व शिर्षक | आ.व.०८१/०८२ को वास्तविक आम्दानी | यस आ.व. ०८२/०८३ को अनुमानित आम्दानी | यस आ.व. ०८२/०८३ को पौष १५ सम्मको वास्तविक आम्दानी | आ.व.०८३/०८४ को अनुमान |
|---|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ती कर | १,५२,७५० | २,००,००० | ५७,३१५ | २,२०,००० |
| २ | १३३१४ | भूमिकर/ मालपोत | ११,१८,३४१.५० | ६,००,००० | १,४४,७२३.५० | ६,६०,००० |
| ३ | ११३१७ | बहाल कर | १३,१४,६२८.५४ | ८,५०,००० | ४,५५,१७७.४७ | ९,३५,००० |
| ४ | ११३१८ | बहाल बिटौरी कर | १,४०,११० | २,००,००० | ६६,००० | २,२०,००० |
| ५ | ११४५१ | सवारी साधन कर | ५०० | ५,००० | ५५० | ५,५०० |
| ६ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ५,४०,५०० | - | २,५२,२५० | ० |
| ७ | ११६२१ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने(अन्य कर) | ६,२५० | - | २,२०० | ० |
| ८ | ११६९१ | अन्य कर | ५,१२,०३४ | २,२०,००० | १,१०,७७५ | २,४२,००० |
| ९ | १४२१३ | अन्य विकीबाट प्राप्त रकम | ५४,६३५ | २,७५,००० | ५,७९,५०० | ३,०२,५०० |
| १० | १४२१८ | विधुत सम्बन्धी दस्तुर | १,९५,००० | - | - | ० |
| ११ | १४२१९ | अन्य सेवा शुल्क तथा बिकी | ८,५९,५७० | १०,००० | ५०० | ११,००० |
| १२ | १४२२४ | परिक्षा शुल्क | ४०,२०० | ७०,००० | ७,००० | ७७,००० |
| १३ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १,००,०४० | १,००,००० | २,५०,००२ | १,१०,००० |
| १४ | १४२४३ | सिफारिस दस्तुर | ११,८२,३१० | १,३०,००० | ५,७६,८०० | १,४३,००० |
| १५ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४,२८,५०० | ३,२०,००० | १,८०,००० | ३,५२,००० |
| १६ | १४२४९ | अन्य दस्तुर | ६,४४,५२९ | ४,००,००० | २,१७,९३५ | ४,४०,००० |
| १७ | १४२५३ | व्यवसाय रजिस्ट्रेसन दस्तुर | ११,००,८६१ | १,००,००० | ९,८१,६५० | १,१०,००० |
| १८ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ७,१०० | १०,००० | ५५० | ११,००० |
| १९ | १४२६५ | अन्य क्षेत्रको आय | ३२,७९८ | ८०,००० | ५,००० | ८८,००० |
| २० | १४३११ | न्यायिक दण्ड जरिवाना जफत | ७७,६०० | १०,००० | - | ११,००० |
| २१ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना जफत | १,०८,००० | २,००,००० | २,०५,६०६ | २,२०,००० |
| २२ | १४५१९ | अन्य राजस्व | ६,४७,१६० | १,५०,००० | १०,०१,५०० | १,६५,००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | १४६११ | व्यवसाय कर | ३०,७७५ | १,३०,००० | ४,१०० | १४,३०,००० |
| २४ | १५१११ | बेरुजु | १,१८,८२८ | ० | ० | ० |
| २५ | ३२१२१ | नगद | ३,८६० | ० | ० | ० |
| २६ | ३३३६६ | दहत्तर बहत्तर शुल्क | ४६,८३,३९६ | ० | १४,०६,८४० | ० |
| २७ | १४२२१ | न्यायिक दस्तुर | ० | ० | १०० | ० |
| २८ | १४२४२ | नक्सापास दस्तुर | ० | ० | १,००० | ० |
| २९ | ३२१२२ | बैक मौज्दात | १२० | ० | ० | ० |
| ३० | ३३३९१ | अन्य बाँडफाँड हुने राजस्व संकलन | ५८,६०,७३० | ९६,००,००० | ० | १,०५,६०,००० |
| ३१ | ११४७९ | अन्य मनोरञ्जन कर | ३,०५,००० | ० | ० | ० |
| | | कुल जम्मा | २,०५,११,६२६.५४ | १,६०,००,००० | ६५,०७,०७३.९७ | १,७६,००,००० |

अनुसूची-८

# निकासी कर / शुल्क

| क्र.स | कर / शुल्क | विवरण | आ.व २०८२ /०८३ | आ.व २०८३ /०८४ |
|---|---|---|---|---|
| १ | निकासी कर /शुल्क | थारा भैसी पाडा रागा प्रति गोटा | १००० | १००० |
| २ | निकासी कर /शुल्क | खयर काठ दाउरा प्रति ट्रक | १००० | १००० |
| ३ | निकासी कर /शुल्क | बाख्रा/बोका प्रति गोटा | - | ३०० |

अनुसूची-९

## दण्ड, जरिवाना तथा नविकरण दस्तुर छुट र प्रोत्साहन सम्बन्धी व्यवस्था

१.आश्विन मसान्त सम्म कुनै विलम्ब शुल्क लाग्ने छैन ।

२. पौष मसान्त सम्म १० प्रतिशत विलम्ब शुल्क लाग्नेछ ।

३. पौष मसान्त पछि एक आर्थिक वर्ष सम्म २० प्रतिशत विलम्ब शुल्क लाग्नेछ ।

४. एक आर्थिक वर्षभन्दा बढीको प्रतिवर्ष ५० प्रतिशत विलम्ब शुल्क लाग्नेछ ।

(क) लगातार २ आ.ब भन्दा बढी अवधिसम्म व्यवसाय नविकरण नभई सञ्चालन नभएको व्यवसाय/फर्मको हकमा एकपटकको लागि पौष मसान्तसम्म नविकरण गरेमा अनुसुची-९ को बुँदा नं. ४ बमोजिम लाग्ने विलम्ब शुल्क मिनाहा हुनेछ ।

५. बजार अनुगमनको क्रममा गाउँपालिकाको तर्फबाट खटिएको अनुगमन टोलीले दिएको सुझावको अवज्ञा (पसलको साइनबोर्ड, मूल्यसूची, करपाटी आदि नराखे) गरेमा पहिलो पटकको लागि रु. २०० र त्यसपछी प्रति पटकको लागि रु. ५००/- का दरले जरिवाना लाग्नेछ ।

### प्रोत्साहन तथा छुट सम्बन्धी व्यवस्था

१.एकल महिला र दलित महिलाको नाममा व्यवसाय दर्ता गर्दा लाग्ने दर्ता शुल्कमा ५०% छुट हुनेछ ।